# आर्थिक वर्ष २०७८।७९ को

# नीति तथा कार्यक्रम

## भिमसेनथापा गाउँपालिका

खाञ्चोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

२०७८

## आ.व. २०७८।०७९ का लागि भिमसेनथापा गाउँपालिकाको आठौं

## गाउँसभामा

## प्रस्तुत बार्षिक नीति तथा कार्यक्रम–२०७८

**गाउँ सभाका सदस्यहरु,**

**राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार मित्रहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

सन् २०२० को प्रारम्भमा देखा परेको कोभिड -१९ महामारीले सिर्जना गरेको हाम्रो जीवनकालकै सर्वाधिक चुनौतीपूर्ण परिस्थितीको सामना गर्दै पालिकावासीको जीवन रक्षा गर्न र समृद्धिको यात्रालाई प्रभावकारी वनाउन सकिन्छ भन्ने दृढ विश्वास एवं सङ्कल्पका साथ यस भिमसेनथापा गाउँपालिकाको गाउँ सभाको आठौं अधिवेशनमा गाउँपालिकाको आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

### खण्ड १- परिचय र समिक्षा

### १.१ पृष्ठभूमी

कोभिड–१९ को महामारीवाट सवै नागरिकलाई सुरक्षित राख्न बाध्यतावश अवलम्बन गरिएका क्रियाकलापले पालीकावासीको जीवनलाई कठिन बनाएको छ, रोजगारी गुमेको छ। यावत् कठिनाईहरु रहँदा रहँदै पनि नेपाल सरकार तथा गाउँपालिकाबाट लागू गरिएको स्वास्थ्य सुरक्षाका मापदण्ड परिपालना गर्नु भएकोमा स्थानीयवासी सवैमा धन्यवाद व्यक्त गर्दछु। आगामी दिनमा पनि महामारीवाट वच्न गाउँपालिकाले चाल्ने हरेक कदममा निरन्तर साथ र समर्थन पाइरहने विश्वास लिएको छु।

संकटको यस घडिमा एकजुट भई महामारीको रोकथाम, नियन्त्रण , निदान र उपचारको कार्यमा अग्रपङ्तिमा अहोरात्र खटिनु हुने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाईकर्मी, एम्वुलेन्स चालक लगायत राष्ट्रसेवकको योगदानको उच्च प्रशंसा गर्दछु। जोखिमपूर्ण यस परिस्थितिमा आ–आफ्नो तहवाट खटिनु हुने जनप्रतिनिधि, राजनितिक दल, सञ्चारकर्मी, उद्योगी, व्यवसायी, निजी क्षेत्र नागरिक समाज लगायतका सवै व्यक्ति तथा संघ संस्थालाई धन्यवाद व्यक्त गर्दछु। कोभिड-१९ को महामारीको यस परिस्थितीमा स्थानीय सरकारलाई स्वास्थ्य उपकरण तथा सामाग्री, अक्सिजनका सिलिण्डर, कन्सन्ट्रेटर, मास्क, पिपिई, सावुन, सेनिटाईजर लगायतका जिन्सी सामान सहयोग गर्नुहुने संघ संस्था,व्यक्ति एवं सहयोगी मनहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

**कोभिड – १९ को महामारीको दोस्रो लहरको जोखिम संगै हाम्रा सामु चुनौतीहरु थपिएका छन्। संङ्क्रमण जोखिम कायम रहने अवधि र यसको प्रभाव अझै यकिन हुन सकेको छैन। कोभिड-१९ का विरुद्द लड्न हाल रहेका स्वास्थ्य सेवा र सुविधाहरु अप्रयाप्त देखिएका छन्। सङ्क्रमण रोकथाम, नियन्त्रण र उपचारको लागी गरिएको अथक प्रयासका वावजुद महामारीवाट जीवन गुमाउनुहुने नेपालीहरुमा हार्दिक श्रध्दाञ्जली एवं परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछु। उपचारारत सम्पुर्ण दिदिवहिनी तथा दाजुभाईहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।**

नेपालको संविधानमा नीहित जनताको सार्वभौमिकता, स्वायत्तता र सुशासनको अधिकारलाई आत्मसात गर्दै, भिमसेनथापा गाउँपालिकावासीको मनमुटुमा रहेको स्थानीय सरकार हुनुका नाताले यहाँको वहुजातीय, वहुभाषिक, वहुसाँस्कृतिक, भौगोलिक लगायतका विविधतायुक्त विशिष्ट विशेषतालाई हामी उच्च सम्मान गर्दछौ। यस तथ्यलाई आत्मसाथ गर्दै आर्थिक समृद्धि, सामाजिक एकता र सद्भाव, सामाजिक न्याययुक्त समतामूलक उन्नत समाज निर्माण मार्फत "समृद्ध गाउँपालिका सुखी गाउँपालिकावासी" भन्ने आदर्श वाक्यलाई सफल वनाउन हामी प्रयत्नरत छौ। जनमुखी, पारदर्शी, स्वच्छ र उत्तरदायी एवं सुशासनयुक्त प्रशासनका माध्यमबाट यस गाउँपालिकालाई समृद्ध, वैभवशाली, आन्तरिक एवं वाह्य पर्यटकको रोजाईको नमुना स्थानीय तह निर्माण गर्ने कार्यमा हामी दृढसङ्कल्पित छौं । समृद्धि र विकासको प्रचुर सम्भावना बोकेको यस गाउँपालिका बुढीगण्डकी जलाशयको काखमा महत्वपूर्ण पर्यटकीय स्थल बन्ने सुन्दर सपना देख्दा देख्दै पनि नेपाल सरकारबाट हालै मात्र घोषणा भएको बजेट वक्तव्यमा बुढीगण्डकी जलाशययुक्त आयोजनाको नाम समेत उच्चारण नभएकोमा हामीलाई दुःखित तुल्याएको छ । यस गाउँपालिकाको अध्यक्षको हैसियतले पालिकाको समग्र अवस्था विश्लेषण सहित भावी कार्यक्रमको रुपरेखा समेटिएको आ. व. २०७८।७९ को वार्षिक नीति र कार्यक्रम प्रस्तुत गर्न पाउँदा गौरवको अनुभूति गरेको छु।

**१.१.१ गाउँपालिकाको परिचयः**

मुलुकको राष्ट्रियता, स्वतन्त्रता र स्वाभिमान कायम राख्ने सन्दर्भमा इतिहासका पानामा वीरतापूर्वक रक्तरञ्जित इतिहास रच्न सफल राष्ट्रप्रेमी कुशल शासक भिमसेनथापाको विश्रान्ति स्थलको रुपमा परिचित यस भिमसेनथापा गाउँपालिका गोरखा जिल्लामा गठित स्थानीय तहहरुमध्ये ऐतिहासिक राजनीतिक महत्व बोध गराउने विशिष्ट प्रकृतिको गाउँपालिका हो । नेपाल आमाका वीर सपूत भिमसेन थापाका राष्ट्रियता, इमान्दारिता, कर्तब्यबोध, भष्ट्राचार रहित शासन सञ्चालन प्रणाली कुशल नेतृत्वदायी राजनेता जस्ता उच्च गुणहरुको सम्मान, गौरव तथा उनका राजकीय नेतृत्वको अनुकरण गर्ने प्रयत्न गर्दै हामी अघि वढिरहेका छौं । हाम्रो यस ऐतिहासिक गाउँसभा मार्फत म राजनेता भिमसेन थापा लगायत इतिहासका विविध कालखण्डमा देश र जनताका खातिर निस्वार्थ भावले प्राण उत्सर्ग गर्ने सवै महान् शहीदहरुप्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछु । आफ्नो राजनीतिक जीवनको अनन्त यात्रासम्म तिनै वीर शहीदका सपना पूरा गर्न शहीदहरुले देखाएको मार्गवाट निरन्तर अघि वढिरहने विश्वास समेत प्रकट गर्न चाहन्छु ।

पूर्वमा वुढीगण्डकी, दक्षिण– पश्चिममा गोरखा नगरपालिका र शहीद लखन गाउँपालिका तथा उत्तरमा बारपाक सुलिकोट गाउँपालिका र आरुघाट गाउँपालिकाको वीचमा अवस्थित यस गाउँपालिकामा सबै खाले भूगोल र विविध प्राकृतिक सम्पदा तथा विकासको सम्भावना रहेको छ । एकातिर राष्ट्रिय गौरवको आयोजना वूढीगण्डकी जलाशय निर्माण हुँदा यहाँ थुप्रै पर्यटकीय विकासका अवसर पनि आउँदैछन् भने अर्कातिर अत्यन्त उत्पादकत्व भएका जमिन डुब्ने हुनाले विस्थापित क्षेत्रका जनताका निम्ति नयाँ वस्ती निर्माण, सामाजिक संरचनाको वनोट, जातीय, धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने कार्यमा चुनौति पनि रहेको छ । यी चुनौतिहरुको सामना गर्ने दिशामा हामी वृहत् कार्ययोजनाका साथ अघि बढिरहेका छौं। बुढीगण्डकी आयोजनाबाट विस्थापितहरुलाई गाउँपालिकाले गाउँपालिकाभित्र उपयुक्त स्थानको खोजीगरी एकिकृत वस्तीमा वसाउने र सो वस्तीमा सडक, खानेपानी, विद्युत लगायतका पूर्वाधारको व्यवस्थापन गर्नेछ। शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, कृषि, सिंचाई, पर्यटन उद्योगधन्दा विद्युतीय अवस्था आदिको पूर्वाधारलाई सुधार गर्दै जनसहभागिता सहितको दीगो आर्थिक विकास अभियानमा हामी जुटिरहेका छौं । त्यसैगरी यस गाउँपालिकाको करीव विच भागवाट निर्माणाधिन मध्यपहाडी लोकमार्गको निर्माण भएपछि हुने उपलब्धि र फाईदाहरु त्यत्तिकै महत्वपूर्ण हुनेछ भन्ने विश्वास लिएको छु ।

हामीले गाउँपालिकाको मुल नाराको रुपमा **"कृषि, पर्यटन र पूर्वाधार भिमसेनथापा गाउँपालिका समृद्धिको मूलआधार"** लाई लिएका छौं ।

उल्लेखित नारालाई व्यवहारिक रुपान्तरण गर्नको लागि म यसै वार्षिक नीति तथा कार्यक्रम मार्फत भिमसेनथापा गाउँपालिकाको विकास र समृद्धिमा निरन्तर लागिरहने प्रतिवद्धता समेत व्यक्त गर्न चाहन्छु ।

**१.२ चालु आ.व. को नीति तथा कार्यक्रमको समीक्षा**

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको पुनर्संरचनादेखि स्थानीय तहको निर्वाचन पश्चात यस गाउँपालिकामा हामीले नेतृत्व सम्हालेको चार वर्ष व्यतित भैसकेको छ । लोकतान्त्रिक शासन, विधि र पद्धतिको अवलम्बन गर्दै समृद्ध पालिका निर्माणको युगमा प्रवेश गरिसकेका छौं । चालु आ.व. २०७७।०७८ को सामान्य समीक्षा गर्दा हामीले लिएको वार्षिक नीति र कार्यक्रम तथा विनियोजन गरिएका बजेटहरु महत्वकांक्षी हुँदा हुँदै पनि क्रमश यिनीहरु वास्तविकता तर्फ उन्मुख हुँदैछन् । हामीले अहिलेसम्म चलाएका विकास निर्माणका योजनाहरुले गाउँपालिकालको समृद्दिको यात्रा तय गरिसकेको छ ।

चालु आ.व. २०७७।७८ मा हामीले अवलम्बन गरेका नीति, कार्यक्रम र प्राथमिकताका क्षेत्रमा रहेका कार्यप्रगति विवरण र कार्यक्रमको संक्षिप्त समिक्षा यहाँहरु समक्ष पेश गर्दछु ।

**क. आर्थिक क्षेत्रः**

कृषि तथा पशु सेवा शाखामा कर्मचारी अभावका कारण कतिपय कार्यक्रमहरु लागु गराउन कठिनाई सिर्जना भएका छन्। हामीले कर्मचारी पदपुर्तिको लागी संघिय तथा प्रदेश लोकसेवा आयोगमा माग पठाउँदा पनि हालसम्म कर्मचारीको पदपुर्ती हुन नसक्नु बिडम्बनापूर्ण रहेको छ।

आर्थिक क्षेत्र अन्तर्गत हामीले कृषिका लागी व्यवसायिक कृषिमा जोड दिँदै कृषिमा विभिन्न अनुदानको व्यवस्था गरेका थियौं। कृषि क्षेत्रलाई आधुनिकीकरण गरि कृषकलाई प्रोत्साहित गर्न चालु आर्थिक बर्षमा ४० वटा हाते ट्र्याक्टर, २०० वटा मौरीको घार, ३ वटा कोदो कुट्ने मेसिन, ८० वटा वाँदर धपाउने उपकरण वितरण गरिसकेका छौं। गाउँपालिकाको वडा नं. ४ धावा वालिमटार, विलेटार, राम्चे र डिहीमा मकै पकेट क्षेत्र घोषण गरि मकैको विउ, कृषि उपकरण वितरण गरि मकै वालीको लागी आवश्यक मलको लागी सोही क्षेत्रमा भकारो सुधार कार्यक्रम संचालन गरिएको छ । गाउँपालिका भित्रका विभिन्न कुलो तथा नहरहरुको मर्मत तथा निर्माण गरिएको छ। पालिका भित्रका सवै वडाहरुमा सहुलियत दरमा आलुको विउ वितरण गरिएको छ। गाउँपालिका को वडा नं. २ लाई तरकारी पकेट क्षेत्र घोषण गरी तरकारी बालीको लागी आवश्यक प्लास्टिक टनेल निर्माण गर्ने व्यवस्था गरिएको छ।

गाउँपालिका भित्र पशु बिमा कार्यलाई तिव्रताकासाथ अगाडी बढाईएको छ। पशु स्वास्थ्य परिक्षण गरि आवश्यक भ्याक्सिन तथा औषधीहरुको प्रबन्ध गरिएको छ।

गाउँपालिकाको वडा नं. ६ अश्राङमा औद्योगिक ग्राम स्थापनाको लागी विस्तृत आयोजना प्रतिवेदन तयार गरि निर्माणको कार्य अघि बढाइएको छ। गरिवी निबारणका लागी लघु उद्दम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत गाउँपालिकाको वडा नं. ६, ७ र ८ का ८० जना युवाहरुलाई लघु उद्दम विकासको पहिलो चरणको तालिम सम्पन्न गरिएको छ।

भिमसेनथापा गाउँपालिका भित्रका कोट तथा मन्दिरहरुमा नियमित पुजाको लागी रकम विनियोजन गरि पुजा तथा आरधनाको व्यवस्था गरिएको छ। भिमसेनथापा स्मृती पार्क तथा संग्रहालय, सल्लाघारी पार्क, सिद्धकाली मन्दिर, मुडुलो थुम्को पार्क, पशुपति मन्दिर काशीघाट, ठुलोपोखरी मसेल, ईत्लापोखरी धावा जस्ता पर्यटकीय स्थलहरुको संरक्षण तथा सम्बर्द्धनको लागी विस्तृत आयोजना प्रतिवेदन तयार गरि निर्माण कार्य अगाडी बढाईएको छ।

गाउँपालिका भित्र एक  वडा एक कृषि सहकारीको स्थापना भई सकेको छ। कृषि सहकारी मार्फत सामुहिक खेती, सहुलियत दरमा रासायिनिक मल वितरण, बजार प्रबर्धनको व्यवस्था गरिएको छ।

**ख. सामाजिक क्षेत्रः**

स्वास्थ्य र शिक्षा मानव जीवनका पर्याय हुन्। समतामुलक समाज निर्माण, गुणस्तरिय जनशक्ति उत्पादन, स्वास्थ्य र सुरक्षा जस्ता मुलभूत आधारहरुमा प्राथमिकता निर्धारण गरी आ.व. २०७७।७८ मा सामाजिक विकास समिती मार्फत विभिन्न कार्यक्रमहरु सम्पन्न भएका छन्। एक वडा एक स्वास्थ्य चौकी निर्माण कार्य पुरा भएको छ । विद्यालयमा कार्यरत महिला शिक्षिक, विद्यालय तथा पालिकामा कार्यरत महिला कर्मचारी र विद्यालयका वालिकाहरुलाई निःशुल्क सेनेटरी प्याडको व्यवस्था गरिएको छ। कोभिड -१९ को महामारीबाट वच्न नागरिकहरुलाई कोभिड -१९ विरुद्धको खोप दिने कार्य भईरहेको छ। सङ्क्रमितहरुको पहिचान गरी उनिहरुलाई निशुल्क उपचारको व्यवस्था गरिएको छ। पालिका भित्र संचालित आईसोलेसन सेन्टरहरुमा प्राविधिक जनशक्ति व्यवस्थापन गरि विशेषज्ञ डाक्टर समेत नियुक्त गरिएको छ। सङ्क्रमणको दर घट्दो क्रममा छ भने मृत्यदर न्युन छ। स्वास्थ्य संस्थाहरुमा सुविधा वृद्धि गरिएको छ। गाउँपालिका द्वारा संचालित एम्बुलेन्स सेवा मार्फत कोभिड संक्रमितहरुको निशुल्क ओसारपसार गरिएको छ। कोभिड संक्रमितहरुलाई स्वास्थ्यकर्मीद्वारा चेकजाँच गरी आवश्यक औषधी निशुल्क उपलब्ध गराईएको छ। सरुवा रोग र अन्य रोगहरुको उपचारको लागी स्वास्थ्य जाँच र रेफरल विधि अबलम्बन गरिएको छ। खोप कार्यक्रमलाई प्रभावकारी वनाईएको छ। वाल तथा मातृ मृत्युदरमा कमि आएको छ। प्रजनन् अधिकार सुरक्षित गर्न र गर्भावती महिलालाई आवश्यक स्वास्थ्य जाँच गर्न सुनौला हजार दिन कार्यक्रम संचालनमा छ। प्रसुतीको समयमा पोषणयुक्त खाना उपलब्ध गराउन रु १५००।-  र अति जटिल अवस्था भएमा स्वास्थ्य संस्था सम्मको पहुँच विस्तार गर्न रु ३०००।– यातायात खर्च उपलब्ध गराईएको छ। गाउँघर क्लिनिक संचालनमा छन् भने स्वास्थ्य संस्थामा प्रयोगशालाको व्यवस्था गरिएको छ। स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी वनाईएको छ । गाउँपालिका स्तरीय अस्पताल निर्माण कार्यको सुरुवात गरिएको छ।

शिक्षा मानव विकासको पर्याय हो। यस पालिकामा संचालनमा रहेको ४२ विद्यालय, ३ सामुदायिक सिकाइ केन्द्र  र एउटा क्याम्पस बाट गुणस्तरिय शिक्षा प्रदान भईरहेको छ। जहाँ विद्यार्थी त्यहाँ शिक्षक नीति अबलम्बन गर्दै विद्यालयहरुको समायोजन कार्य अघि बढाइएको छ। वालविकास कक्षाहरुलाई सिकाइ केन्द्रका रुपमा विकास गरिएको छ। कार्यरत सहयोगी कार्यकर्तालाई राज्यद्वारा विनियोजित रकम ज्यादै न्युन भएकाले त्यसमा बृद्धि गरी मासिक चार हजार थप गरिएको छ।  न्यून शिक्षक दरवन्दी भएका प्रस्तावित विद्यालयलाई शिक्षक अनुदान उपलब्ध गराइएको छ। विद्यालयलाई विद्यार्थी केन्द्रित वनाउन र सिकाई उपलब्धी वृद्धि गर्न आवश्यक अनुदानको व्यवस्था गरिएको छ। सामुदायिक सिकाइ केन्द्र मार्फत वैकल्पिक विद्यालय संचालन गरी शिक्षाको मुल प्रवाह वाहिर रहेका प्रौढहरुलाई निःशुल्क र गुणस्तरिय शिक्षा उपलब्ध गराउने व्यवस्था मिलाईएको छ। विद्यार्थीहरुमा प्रतिस्पर्धी भावनाको विकास गराउन र खेलका माध्यमबाट स्वस्थ र अनुशासित नागरिक तयार गर्न आनतरिक र बाह्य प्रतिस्पर्धाहरु संचालन गरिएका छन्। प्रविधिका माध्यमबाट बैकल्पिक बिधिको प्रयोग गरी कोभिड -१९ को क्षति न्यूनिकरण गर्न सिकाइ सहजीकरण गरिएको छ। राष्ट्रपति शैक्षिक सुधार तथा विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव तथा भौतिक निर्माणका कार्यहरु सम्पन्न गरिएका छन् ।

अल्पसंख्यक जातीका वालवालिका जन्मेको पैतिस दिन भित्र रु १०००।– गाउँपलिकाको तर्फबाट जम्मा गरी वचत खाता खोलिदिने व्यवस्था गरिएको छ। एक वडा एक महिला सहकारी संस्थाको व्यवस्था गरी महिला सहकारीको भवन निर्माण गरिएको छ। सवै प्रकारका निर्माण कार्यको उपभोक्ता समिती निर्माण गर्दा महिलाहरुको अर्थपूर्ण

सहभागिता सुनिश्चित गरिएको छ। टोल विकास संस्थाहरुमा ५०% महिला घरमुलीको रुपमा सदस्य हुनुपर्ने तथा समितिमा ३३% महिला सहभागिताको व्यवस्था लागु गरिएको छ।विपन्न नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहायता रकम उपलब्ध गराउँदै आईएको छ। जेष्ठ नागरिकहरुलाई सम्मान, भ्रमण एवं बृद्धाआश्रम संचालनमा अनुदान उपलब्ध गराईएको छ। विभिन्न जातजातीको भेषभुषा, परम्परा एवं संस्कृतिको संरक्षणको लागी वृत्तचित्र निर्माण गरिएको छ। महत्वपूर्ण धार्मिक संस्थाहरुमा बार्षिक पुजा खर्चको व्यवस्था गरिएको छ। पुराना धार्मिक मठमन्दिरहरुको निर्माण तथा मर्मत गरिएको छ।

## ग. पूर्वाधार क्षेत्रः

गाउँपालिकाले पूर्वाधार विकासलाई विशेष प्राथमिकता दिई वजेटको व्यवस्था गर्दै आईरहेको छ। गाउँपालिका भित्रका सबै क्षेत्रहरुमा सडकको संजाल पुर्याईएको छ। भिमसेनथापा चक्रपथलाई गाउँपालिकाको पालिकास्तरिय गौरवको आयोजना घोषण गरी चालु आ.व. मा रु ७ करोड विनियोजित गरि करिब ३२०० मिटर सडक ग्रावेल भइरहेको छ। सोही चक्रपथको बोर्लाङ पयलडाडा खण्डमा करिव १०० मिटर बाटो ढलान भएको छ। गाउँपालिका भित्रका वडाहरु जोड्ने सडकको स्तरोन्नती तथा पक्की नाली निर्माण गरिएको छ।

गाउँपालिका भित्र ठुला पम्पिङ खानेपानी योजनाहरुको निर्माण कार्य द्रुत गतिमा अगाडि बढिरहेका छन। विर्खेपानी पम्पिङ खानेपानी योजनाको निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न भइसकेको छ । चारधारे पम्पिङ खानेपानी आयोजनाको २ वटा ट्याङ्की तथा वगुवाखेतको ३ वटा ट्याङ्की निर्माण भई पाईपलाईनको काम सम्पन्न भईसकेका छन भने वाँकी काम आ.व. २०७८।७९ मा सम्पन्न हुनेछ। वालिमटार चिउरीफेद पम्पिङ खानेपानी आयोजनाको निर्माण कार्य अगाडी बढाईएको छ । यि ठुला आयोजनावाट सम्पुर्ण गाउँपालिकामा एक घर एक धारा अभियान सफल हुँदैगईरहेको छ। करिव ८०% घरधुरीमा एक घर एक धारा निर्माण भइसकेको छ। विभिन्न कुवा तथा खानेपानीको स्रोतको संरक्षण गरिएको छ।

गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागी माटो परिक्षण तथा विस्तृत आयोजना प्रतिवेदन तयार गरि निर्माण कार्य अगाडी बढाईएको छ। वडा न. १ को वडा कार्यालय भवन निर्माणको लागी जग्गा खरिद प्रक्रिया अगाडी बढाई विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको छ। शिक्षा, युवा तथा खेलकुद शाखा, स्वास्थ्य शाखा, महिला तथा वालबालिका शाखा कार्यालयको भवन, बहुउद्देश्यीय सभाहल, वडा नं. ६ को वडा कार्यालय भवन निर्माणको लागी विस्तृत आयोजना प्रतिवेदन निर्माण गरिएको छ। वडा नं. ६ अश्राङमा १० शैयाको पालिका स्तरिय आधारभूत अस्पताल निर्माणको लागी जग्गा प्राप्ती गरि आयोजनको DPR तयार भईसकेको छ। गाउँपालिकाको सभाहल निर्माणको लागी टेन्डर अब्हान भई निर्माण कार्य अगाडी बढाईएको छ। विभिन्न संघ संस्था, समुहहरुको सामुदायिक ट्रष्ट भवन निर्माण गरिएको छ।

गाउँपालिकाको वडा नं. १ मा पाताल खोला मसेल सपुङ्गे बर्षे नहर निर्माणको लागी DPR तयार गरिएको छ। गाउँपालिका भित्रका काठेपोल विस्थापित गर्ने कार्य भईरहेको छ। गाउँपालिका भित्रका सडकहरुमा बत्ति जडान गरि गाउँघर उज्यालो कार्यक्रम संचालन गरिएको छ। पालिका भित्रका स्वास्थ्य चौकीहरुमा सौर्य उर्जा जडान गरिएको छ।

## घ. वातावरण तथा विपद् व्यवस्थापनः

चालु आर्थिक बर्षमा मनसुनजन्य विपद्का कारण व्यापक रुपमा क्षति पुगेको र सो क्षतिको राहत स्वरुप आर्थिक सहायता वितरण गरिएको छ। पहिरो तथा वाढिबाट विस्थापित भएका १६ घरधुरीको निर्माणको लागी लगत

**सङ्कलन गरि पुनः निर्माण प्राधिकरणमा पठाईएको छ। पहिरोबाट क्षति पुगेका ५१ घरधुरीलाई राहत स्वरुप रु १५ हजार रुपैयाका दरले आर्थिक सहायता प्रदान गरिएको छ। बढि क्षति भएका घरहरुको निर्माणको लागी** गाउँपालिकाको लागत सहभागितामा पुन निर्माण गरिएको छ। हावाहुरीको प्रकोपबाट घर तथा गोठ उडाई क्षति भएका करिव ५० घरपरिवारलाई तत्काल राहत स्वरुप रु १० हजार का दरले आर्थिक सहायतका उपलब्ध गराईएको छ।

गाउँपालिका भित्र रहेका टोल विकास संस्था मार्फत फोहोर मैला व्यवस्थापन तथा वातावरण सरसफाईका लागी वजार तथा वस्तिहरुमा डस्विनको व्यवस्था गरिएको छ।

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

गाउँपालिका तथा वडा कार्यालयबाट प्रवाह गरिने सेवालाई सूचना प्रविधिको प्रयोग गरि छिटो, छरितो, चुस्त एवं पारदर्शी बनाईएको छ। सेवा प्रवाहलाई थप प्रभावकारी वनाउन ऐन, नियम, निर्देशिका तथा कार्यविधिको व्यवस्था गरिएको छ। पारदर्शिता प्रवर्धनका लागी प्रत्येक आयोजनाको खर्च सार्वजनिकरण गर्नुपर्ने, आयोजना सूचना पाटी राख्नुपर्ने व्यवस्था लागु गरिएको छ। गाउँपालिकामा विद्युतीय हाजिरीको व्यवस्था गरिएको छ। पालिकाको डिजिटल प्रोफाईल तयार गरिएको छ। सवै वडा ,स्वास्थ्य चौकी तथा सामुदायिक विद्यालयहरुमा ईन्टरनेट सेवा पुर्याइएको छ। गाउँपालिकाको सूचना प्रवाहको लागी सूचना अधिकारीको व्यवस्था गरिएको छ। सूचना अधिकारी मार्फत नियमित रुपमा कार्यालयको गतिविधिहरु सार्वजनिक गर्ने व्यवस्था गरिएको छ।

## खण्ड २- आगामी आ.व. २०७८।७९ को नीति तथा कार्यक्रम

### २.१ सोंच, लक्ष्य, उद्देश्य र अपेक्षित उपलब्धी

### २.१.१ सोंच

यस गाउँपालिकाको दीर्घकालीन सोच **"कृषि पर्यटन र पूर्वाधार, भिमसेनथापा गाउँपालिका समृद्धिको मूल आधार"** रहेको छ ।

### २.१.२ लक्ष्य

कृषि, पर्यटन तथा पूर्वाधारहरुको विकास गरि स्वस्थ र समृद्द गाउँपालिका निर्माण गर्दै पालिकावासीको जीवनस्तर उच्च वनाउने ।

### २.१.३ उद्देश्य

- ✓ कृषिको व्यवसायीकरण तथा यान्त्रिकीकरण गरि रोजगारी सिर्जना गर्ने ।
- ✓ गाउँपालिकाभित्र आधारभूत ग्रामिण पूर्वाधारको विकास गरी समृद्ध गाउँपालिका निर्माण गर्ने ।
- ✓ पर्यटकिय स्थलको संरक्षण, विकास तथा प्रचार गरी गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा बिकास गर्ने ।

- ✓ गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय बनाई पालिकामा सुशासन प्रवर्धन गर्ने ।
- ✓ आन्तरिक साधन स्रोत, आवसर र क्षमताको उच्चतम प्रयोग गरि आर्थिक विकास गर्ने ।
- ✓ न्यायपूर्ण, सौहार्द, खुसी र सुखी  समाजको निर्माण गर्ने ।

### २.१.४ अपेक्षित उपलब्धी

- ✓ कृषि क्षेत्र व्यवसायिक र वैज्ञानिक भएको हुनेछ ।
- ✓ आधारभूत पर्यटन पूर्वाधारहरुको विकास  हुनेछ।
- ✓ नैतिकता, राष्ट्रप्रेम र मानवमुल्यमा आधारित शिक्षाको विकास हुनेछ ।
- ✓ आधारभूत स्वास्थ्य सेवामा अति विपन्न नागरिकको पहुँच स्थापित हुनेछ ।
- ✓ अपाङ्गता भएका व्यक्तिहरुका कठिनाईहरु न्यूनिकरण हुनेछ।
- ✓ एक घर एक धारा अभियान पूर्ण हुनेछ ।
- ✓ सडकहरु सुरक्षित र बाह्रै महिना संचालनका लागी योग्य हुनेछन्।
- ✓ जनचासोमा केन्द्रित जनमुखी सरकार महसुस हुने सेवा प्रणालीको विकास हुनेछ।

## २.२ बार्षिक नीति तथा कार्यक्रम तर्जूमा गर्दा अवलम्वन गरिएका प्रमुख आधारहरुः

**गाउँसभाका सदस्यज्यूहरु ,**

अव म भिमसेनथापा गाउँपालिकाले आगामी आर्थिक बर्ष २०७८।०७९ मा लिने नीति तथा कार्यक्रम तय गर्दा अवलम्वन गरिएका पद्दतिहरु उल्लेख गर्न चाहान्छु । आ.व. २०७८।०७९ को वार्षिक नीति र कार्यक्रम तयार गर्दा नेपालको संविधान को भाग ४ मा उल्लिखित राज्यको निर्देशक सिद्धान्त तथा नीतिहरु, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चहरुमा नेपालले व्यक्त गरेका प्रतिवद्धताहरु, संवैधानिक अधिकार, संघीय सरकार, प्रदेश सरकारको निति तथा कार्यक्रम , दीगो विकासका लक्ष्यहरु, राष्ट्रिय विकासका प्राथमिकता प्राप्त क्षेत्रहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, आवधिक योजना, रणनीतिक योजना, क्षेत्रगत गुरुयोजना, सार्वजनिक नीतिका आधारभूत मान्यताहरु, निर्वाचनमा जनतासँग गरिएका प्रतिवद्धताहरु, सञ्चालित  वहुवर्षिय योजनाहरु, वडागतरुपमा जनताहरुका प्रतिक्रिया, राजनीतिक दलहरु, विकास साझेदारहरु, गाउँपालिकाका विषयगत शाखाका प्रतिवेदनहरु तथा गाउँ कार्यपालिकाका सदस्यहरुको सुझाव र सल्लाहलाई समेत ध्यान दिएको छु ।

### २.२.१ नीति तथा कार्यक्रम निर्माणका प्राथमिकीकरणका आधारहरु

आ.व. २०७८।०७९ मा सञ्चालन हुने योजनाहरुको मुख्य प्राथमिकताक्रम निम्नानुसार तोकेको छु ।

१. स्थानीय पूर्वाधार (सडक, खानेपानी, सिंचाइ, उर्जा) निर्माण र सवलीकरण
२. आधारभूत स्वास्थ्य, सरसफाइ र स्वच्छता
३. आर्थिक विकास (व्यवसायिक कृषि, पर्यटन प्रवर्धन, उद्यमशीलता र सहकारी)
४. सामुदायिक विद्यालयहरुको सवलीकरण, प्रभावकारी व्यवस्थापन र सिकाई उपलब्धी बृद्धि

५. सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग
६. सामाजिक न्याय मार्फत समतामुलक समाज निर्माण
७. बहुप्राविधिक शिक्षालय संचालन

## २.२.२ क्षेत्रगत नीति तथा आधारहरुः

**क. आर्थिक क्षेत्रः**

भिमसेनथापा गाउँपालिकाले आर्थिक क्षेत्रको विकासको लागि तय गरेको उद्घोष तथा आर्थिक क्षेत्रमा अवलम्वन गरेको नीति यस प्रकार रहेको छ ।

उद्घोषः **"कृषिको व्यवसायीकरण, आधुनिकिकरण र यान्त्रिकरण भिमसेनथापा गाउँपालिकाको सवलीकरण"**

- **कृषि क्षेत्रः**

'कृषिको व्यवसायीकरण, आधुनिकिकरण र यान्त्रिकरण भिमसेनथापा गा.पा. को सवलीकरण' भन्ने मूल नारा केन्द्रित कृषि कार्यक्रम सञ्चालन गरिनेछ ।

१. कृषि सेवा शाखाको लागी आवश्यक **न्युनतम कर्मचारीको पदपुर्ति** गरिनेछ ।
२. कृषिजन्य उत्पादनको भण्डारणको लागी **कोल्डरुमको स्थापना** गरिनेछ।
३. कृषकलाई आवश्यक कृषि मेसिनरी औजार, उपकरण उपलब्ध गराउन **कस्टम हायरिङ सेन्टरको स्थापना** कार्यको थालनी गरिनेछ ।
४. एक घर एक मौरी घार बितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
५. कृषि पकेट क्षेत्र निर्धारण गरी हावापानी अनुकुल फलफूल खेती र तरकारी खेतीलाई व्यावसायिक ढंगले उत्पादन गर्ने कृषकलाई प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । फलफुलमा एभोगाडो खेतीलाई विशेष प्राथमिकता दिइनेछ ।
६. कृषिमा उत्पादनको आधारमा अनुदान दिइनेछ ।
७. खेती योग्य जमिनमा सिचाई सुविधा पुर्याउन कुलो निर्माण तथा मर्मत कार्यलाई प्राथमिकता दिइनेछ । आवश्यकता अनुसार कृषि सडक निर्माणको कार्यलाई निरन्तरता दिइनेछ।
८. कृषि सहकारी मार्फत **कृषि उपज संकलन केन्द्र निर्माण** गरी बजारीकरणको लागी आवश्यक सहयोग गरिनेछ।
९. आर्थिक रुपमा विपन्न लक्षित वर्ग तथा व्यावसायिक खेती गर्ने कृषकलाई सम्वन्धित विषयमा प्राविधिक तालिम तथा प्रोत्साहन अनुदानको व्यवस्था गरिनेछ ।
१०. रासायनिक मल कृषि सहकारी संस्था मार्फत विक्री गर्ने व्यवस्थालाई निरन्तरता दिईनेछ।
११. **भकारो सुधार कार्यक्रम** मार्फत जैविक तथा प्राङ्गारिक उत्पादनलाई प्रोत्साहन गरिनेछ ।
१२. कृषक समुह तथा कृषि फर्महरुको दर्ता मार्फत **सामुहिक र व्यवसायिक खेति** प्रणालीलाई प्रबर्धन गरिनेछ।
१३. धान, मकै, आलु लगायतका खाद्यान्न, फलफूल तथा तरकारीको **पकेट क्षेत्र घोषणा** गरि ५०% अनुदानमा विउ, आवश्यक उपकरण, रासायिनिक मल, बिषादी तथा प्राविधिक सहयोग उपलब्ध गराईनेछ ।
१४. आवश्यकता तथा मागका आधारमा मिनि टिलर, कोदो तथा धान झार्ने थ्रेसर, मकै छोडाउने मेसिन लगायतका **कृषि उपकरण अनुदानमा** दिने व्यवस्था मिलाईनेछ।
१५. कोदो कुट्ने, धान झाट्ने किसानलाई अति आवश्यक उपयोगी मेसीनरी साधन व्यवसायिक कृषकलाई ५०% **अनुदानमा दिने व्यवस्था मिलाईनेछ** ।

१६. अलैची, अदुवा, वेसार जस्ता **मसलावालीको विकास तथा विस्तारको लागी विउमा अनुदान उपलब्ध गराईनेछ।**
१७. अनुदानमा **कृषि टनेल तथा प्लास्टिक पोखरी** अनुदानमा उपलब्ध गराईनेछ।
१८. कृषिको बजारीकण प्रबर्धन गर्नका लागी **कृषि हाट वजार केन्द्रको व्यवस्था** गरी कृषि सहकारी मार्फत संचालनमा ल्याईनेछ।
१९. प्रत्येक **वडाको उत्कृष्ट कृषक र गाउँपालिकाको सर्वोकृष्ट कृषक** घोषणा गरि पुरस्कृत गरिनेछ।
२०. **कृषि वाली वीमा**लाई प्रोत्साहित गरिनेछ ।
२१. परम्परागत ढिकी, जाँतो संचालनमा ल्याउन **टहरो निर्माणमा अनुदानको** व्यवस्था गरिनेछ ।
२२. व्यवसायिक रुपमा **खुर्सानी खेति गर्ने कृषकलाई अनुदान** उपलब्ध गराईनेछ ।
२३. **कुटानी पिसानी मेसिनहरु अनुदानमा** उपलब्ध गराईनेछ।

- **पशु विकास**

भिमसेनथापा गाउँपालिकाको पशु क्षेत्रको विकासको लागि निम्न अनुसारको नीति अवलम्वन गरेको छ ।

१. पशुसेवा शाखाको लागी आवश्यक **न्युनतम कर्मचारीको व्यवस्था** गरिनेछ।
२. पशुसेवा शाखाको लागी आवश्यक औषधी तथा उपकरणको व्यवस्था गरिनेछ ।
३. पशुपालन कार्यलाई व्यवसायीकरण गर्न अनुदान दिइने नीति लिईनेछ ।
४. **बाख्रा तथा भैसीको पकेट क्षेत्र घोषणा** गरि आवश्यक माउ, प्रविधि र व्याडको व्यवस्था गरिनेछ।
५. उन्नत जातका वर्खे, हिउँदे भुँई घास तथा डाले **घाँसको विउ १००% अनुदानमा वितरण** गरिनेछ ।
६. **पशु वीमा कार्यक्रम तथा पशुको पूर्ण खोप** अभियानलाई निरन्तरता दिईनेछ।
७. **मासु पसल व्यवस्थित** गर्नको लागी अनुदान उपलब्ध गराईनेछ।
८. व्यवसायिक रुपमा माछापालन, कुखुरापालन, गाईपालन, बङ्गुरपालन, बाख्रापालन गर्ने कार्यलाई प्रवर्धन गरि अनुदानको व्यवस्था गरिनेछ ।
९. प्राकृतिक तथा कृतिम प्रकृयावाट **पशुको नश्ल सुधार** गर्न अनुदानको व्यवस्था गरिनेछ ।
१०. कुखुरा पालन र बाख्रापालन व्यवसायलाई व्यवसायिक रुपमा सञ्चालन गरेका कृषकलाई विशेष अनुदानको व्यवस्था मिलाईनेछ ।

- **सहकारी**

भिमसेनथापा गाउँपालिकाको सहकारी क्षेत्रको विकासको लागि निम्न अनुसारको नीति अवलम्वन गरेको छ ।

१. सहकारी संस्थाको दर्ता, नियमन लगायत सम्पूर्ण कार्यको व्यवस्थापन गरिने छ ।
२. सहकारीहरुलाई उत्पादनशिल क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।
३. कृषि सहकारी, सामुदायिक विद्युत सहकारी, उत्पादन सहकारी, महिला सहकारी, वचत तथा ऋण सहकारी र वहुउदेश्यीय सहकारीको क्षमता अभिवृद्धि सशक्तिकरण र व्यवस्थापन पक्षमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ ।
४. गाउँपालिका भित्रका सम्पूर्ण **सहकारीहरुलाई कोपोमिस प्रणालीमा आवद्दता** गराउन थालिनेछ । यसका लागी सहकारीका व्यवस्थापकहरुलाई तालिमको व्यवस्था गरिनेछ ।

५. सहकारी संस्थाहरु मार्फत **कृषि, पशुपालन तथा साना व्यवसायको प्रवर्धन** गरि गरिवी निवारण गरिनेछ।

- **पर्यटन विकास**

भिमसेनथापा गाउँपालिकाले पर्यटन क्षेत्रको विकासको लागि निम्न अनुसारको नीति अवलम्वन गरेको छ ।

१. सत्यरुपा स्मृती उद्यान महादेवटार, जर्नेली पौवा भिमसेनथापाको धारा, हिटी चौतारा, चण्डीथान, कमलपोखरी हुदै कोटकाली सम्मको भिमसेनथापा पदमार्ग निर्माण कार्यलाई तिब्रता दिइनेछ ।
२. भिमसेनथापा स्मृती पार्क तथा संग्रहायलयको निर्माण कार्यलाई निरन्तरता दिईनेछ ।
३. एक वडा एक पार्क निर्माणको अवधारणलाई कार्यान्वयनमा ल्याइनेछ ।
४. सल्लाघारी पार्क, दुल्लभ पार्क, सिद्धकाली मन्दिर, काशीघाट पशुपति मन्दिर, दारेगौडा, कमलपोखरी, देवीस्थान, ठुलोपोखरी र ईत्लापोखरी क्षेत्रलाई आन्तरिक पर्यटकीय गन्तव्यको रुपमा विकास गरिनेछ। यसका लागी गाउँपालिकाका विभिन्न स्थानमा पर्यटकीय सूचना बोर्डको व्यवस्था गरिनेछ।
५. एक वडा एक प्रमुख पर्यटकीय गन्तव्य कार्यक्रम सुरुवात गरिनेछ ।

- **उद्योग तथा वाणिज्य**

१. गाउँपालिकाको वडा नं. ६ अश्राङमा घोषणा भएको औद्योगिक ग्रामको पूर्वाधार निर्माणको कार्य थालनी गरिनेछ ।
२. गरिवी निवारणको लागी लघु उद्दम विकास कार्यक्रम(मेड्पा) मार्फत लघु उद्दमी सिर्जना गरिनेछ ।
३. कृषिजन्य कच्चा पदार्थमा आधारित साना उद्योग सञ्चालन गर्न चाहने उद्यमीलाई उद्यमशीलता तालिम प्रदान गरि अनुदान उपलब्ध गाराईनेछ ।
४. गाउँपालिका भित्र रहेको उद्योग तथा व्यवसायलाई दर्ता गरी करको दायरामा ल्याइनेछ ।
५. सवै पसलहरुमा मूल्य सूची टाँस गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।
६. वजारको एकाधिकार र कृतिम अभाव हुन नदिन र गुणस्तरहिन तथा म्याद नाघेका अखाद्य वस्तुहरुको बिक्रि वितरणलाई रोक्न वजार अनुगमन कार्य गरिनेछ ।

## ख. सामाजिक क्षेत्रः

- **स्वास्थ्यः**

भिमसेनथापा गाउँपालिकाले स्वास्थ्य क्षेत्रको विकासको लागि तय गरेको उदघोष तथा स्वास्थ्य क्षेत्रमा अवलम्वन गरेको नीति यस प्रकार रहेको छ ।

उद्घोषः **"स्वच्छ गाउँ – स्वस्थ गाउँ"**

१. स्वास्थ्य चौकीहरुमा रिक्त रहेका दरबन्दिमा स्वास्थ्यकर्मी पूर्ति गरिनेछ ।
२. अश्राङ् स्वास्थ्य चौकिमा १० शैयाको आधारभुत अस्पताल निर्माण शुरु गरिनेछ ।
३. हाल संचालित कोभिड अस्पताल लाई निरन्तरता सहित आधारभुत अस्पतालको सेवा सुरु गरिनेछ ।
४. कोभिड-१९ भाइरसको रोकथाम, नियन्त्रण, निदान र उपचार तथा विपद् एवं महामारीको व्यवस्थापनको लागी एकमुष्ट वजेटको व्यवस्थापन गरिनेछ।

५. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापनको लागी गाउँपालिका अध्यक्षको संयोजनमा पालिका भित्र क्रियाशिल राजनितिक दल सम्मिलित पालिका स्तरिय कोभिड -१९ संक्रमण रोकथाम तथा व्यवस्थापन समिति निर्माण गरिनेछ । सो समितिले कोभिड -१९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागी आवश्यक कार्ययोजना बनाई काम गर्नेछ ।

६. कोभिड -१९ संक्रमण भएका नागरिकहरुको पालिकाभित्रका सरकारी अस्पताल तथा स्वास्थ्य चौकीहरुमा निःशुल्क स्वास्थ्य उपचार तथा रेफरल सेवाका लागी निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

७. कोभिड-१९ संक्रमण भएका व्यक्तिहरुको पहिचान गर्न एन्टिजेन परिक्षण, पी.सी.आर परिक्षण निशुल्क गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८. पालिका भित्रका स्वास्थ्य चौकीहरुको क्षमतालाई बृद्धि गरिनेछ। कोभिड अस्पतालका लागी अत्यावश्यक स्वास्थ्य सामग्री सहित विशेषज्ञ डाक्टरद्वारा कोभिड -१९ का विरामीहरुको उपचार गरिनेछ।

९. पालिका भित्र कोभिड -१९ को सङ्क्रमण पुष्टि भई उपचारका क्रममा मृत्यु भएका नागरिकका परिवारलाई तत्काल राहत स्वरुप रु २५,०००।– उपलब्ध गराइनेछ ।

१०. कोभिड -१९ को संक्रमण रोकथाम ,नियन्त्रण तथा व्यवस्थापनमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई योगदानका आधारमा प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

११. ८ वटै वडाका स्वास्थ्य संस्थामा महिनाको १ पटक गर्भवती महिलाको लागि भिडियो एक्स रे सेवा प्रदानगर्न ग्रामिण अल्टासाउण्ड कार्यक्रम संचालन गरिने छ ।

१२. प्रसुति सेवा प्रदान गरिने स्वास्थ्य संस्थामा प्रसुति सेवा लिन आउने महिलाको लागि बसाइ सहजताको लागि व्यवस्था मिलाइनेछ ।

१३. स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा विस्तार गरिनेछ । संचालनमा रहेका प्रयोगशालाहरुको क्षमता बिस्तार गरिनेछ।

१४. सुत्केरी पोषण र इमरजेन्सी सुत्केरी यातायात कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१५. स्वास्थ्य विमा कार्यक्रममा आबद्ध हुन सबै नागरिकहरुलाई प्रोत्साहन गरिने छ ।

१६. प्रसुति केन्द्रहरुमा थप औजार उपकरणको ब्यबस्था गरिने छ ।

१७. सबै स्वास्थ्य संस्थाबाट अन लाइन रिपोटिङ्ग शुरु गर्न आबस्यक तयारी तथा ब्यबस्था गरिनेछ ।

१८. कोभिड १९ लगायतका सरुवा रोगहरुको रोकथाम तथा नियन्त्रणका लागि बिशेष योजना बनाइ कार्यान्वयन गरिनेछ।

१९. नसर्ने रोगहरुको उच्च बृद्धिलाई रोक्न विभिन्न चेतनामूलक कार्यक्रम संचालन गरिने छ ।

२०. नसर्ने रोगहरु जस्तै मुटुरोग, मृगौला रोग, क्यान्सर आदिको पहिचानको लागि स्क्रिनिङ्ग शिविर संचालन गरिने छ ।

२१. अस्पताल तथा संघ संस्थाहरुसंगको सहयोग र साझेदारीमा आँखा, नाक, कान, घाटीको उपचार सेवा प्रारम्भ गरिनेछ।

२२. गाउँपालिका अध्यक्ष बृद्धबृद्धा स्वास्थ्य उपचार कार्यक्रम सुरु गरिनेछ। यस अन्तर्गत ७० बर्ष उमेर पुगेका जेष्ठ नागरिक विपन्न, दलित, गर्भवती महिलाहरुलाई तालिम प्राप्त स्वास्थ्यकर्मीहरुबाट निशुल्क स्वास्थ्य जाँच तथा औषधीउपचार सेवा प्रदान गरिनेछ।

२३. वडा नं. २ र ८ मा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

२४. सामुदायिक विद्यालयहरुलाई प्राथमिक उपचारका औषधी तथा आवश्यक उपकरणहरु उपलब्ध गराइनेछ ।

२५. उपचार प्रक्रियालाई सहज र छिटो बनाउन हाल प्रदान भईरहेको एम्बुलेन्स सेवालाई थप प्रभावकारी वनाईनेछ ।

२६. गर्भवती महिलाले न्युनतम ल्याव परिक्षण गर्दा लाग्ने शुल्क उपलब्ध गराईनेछ ।

२७. सुत्केरी, ८० वर्ष माथिका वृद्धवृद्दा, 'क' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई निशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराइनेछ।

२८. स्वास्थ्य स्वयंम सेविकालाई स्वास्थ्य सामग्री सहितको झोला उपलब्ध गराइनेछ।

२९. रात्रीकालिन सुत्केरी सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहनको व्यवस्था गरिनेछ।

- **शिक्षा**

भिमसेनथापा गाउँपालिकाले शिक्षा क्षेत्रको विकासको लागि तय गरेको उदघोष तथा शिक्षाको क्षेत्रमा अवलम्वन गरेको नीति यस प्रकार रहेको छ।

उद्घोषः **"गुणस्तरीय शिक्षा र सक्षम जनशक्ति भिमसेनथापा गाउँपालिका विकासको अग्रगती"**

१. गाउँपालिका क्षेत्रभित्रका १००% वालवालिका विद्यालय जाने वातावरणको सुनिश्चितता गरिनेछ।

२. विद्यालयहरुमा विद्यार्थी संख्या, भूगोल र तह अनुसार **आवश्यक शिक्षक दरबन्दि व्यवस्था** गरिनेछ।

३. विद्यार्थीहरुको सिकाइलाई प्रविधिमैत्री बनाउन राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका अलावा **गाउँपालिका अध्यक्ष प्रविधिमैत्री विद्यालय कार्यक्रम** शुरु गरिनेछ।

४. विद्यार्थीलाई समयानुकूल गुणस्तरिय शिक्षा प्रदान गर्न र कोरोना महामारीमा पनि सिकाइलाई निरन्तरता दिन कोभिड कोष स्थापना गरि परिचालन गरिनेछ।

५. पालिकाभित्र **मेघा विद्यालय** सञ्चालन गर्न विद्यालय मर्जर कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. **विद्यालय नर्स कार्यक्रमलाई परिक्षणका रुपमा शुरुवात** गरिनेछ।

७. संगित, मनोरञ्जन, योग, व्यायाम र खेलकुदका माध्यमबाट विद्यार्थीहरुमा अतिरिक्त क्रियाकलाप सञ्चालन र सिकाइ सुदृढिकरण गर्न **घुम्ति शिक्षक परिचालन** गरिनेछ।

८. विद्यार्थीमा असल आचारण निर्माण स्वस्थ जिवनशैली र सामाजिक भावना जागृत गर्न **विद्यालय स्काउट कार्यक्रम** लागु गरिनेछ।

९. विद्यार्थी, शिक्षक र कर्मचारीहरुमा कोभिड सङ्क्रमणको त्रास घटाउन र उक्त सङ्क्रमणबाट जोगाउनका लागि परीक्षण लगायत उपचारको दायरा फराकिलो बनाइनेछ।

१०. **बालविकास सहयोगी कार्यकर्ता र विद्यालय कर्मचारीहरु**लाई राज्यबाट प्रदान भइरहेका सेवा सुविधा ज्यादै न्यून रहेकाले समयानुकूल वृद्धि गरि उनीहरुको जिवनयापन सहज बनाईनेछ।

११. सामुदायिक सिकाइ केन्द्रहरुलाई थप सबलीकरण गरि जनचेतना, संस्कृति संरक्षण र समुदाय परिचालनमा प्रयोग गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

१२. विद्यालय नक्सांकन र दरबन्दी मिलान कार्यलाई वैज्ञानिक र व्यवस्थित गर्दै निरन्तरता दिइनेछ। **विद्यालयहरुमा स्थायी प्रधानाध्यापक नियुक्ति प्रकृया प्रारम्भ** हुनेछ।

१३. गैरसरकारी सङ्घसंस्थाको साझेदारीमा **वालविकास केन्द्रहरुलाई नमुना सिकाइ केन्द्रका रुपमा व्यवस्थापन** गरिनेछ।

१४. शिक्षक तथा कर्मचारीहरुलाई समयानुकूल तालिम, प्रशिक्षण र गोष्ठिमा सहभागी गराइनेछ।

१५. प्राथमिक तहमा हाल सञ्चालनमा रहेको **दिवा खाजा कार्यक्रमलाई निरन्तरता** दिइनेछ।

१६. **हेलो अध्यक्ष प्रत्यक्ष विद्यार्थी संवाद कार्यक्रम** सञ्चाल गरिनेछ। यस मार्फत विद्यालय उमेरका वालवालिकाहरुलाइ असल मार्गमा लाग्न र स्थानीय सरकारका प्रतिनिधिसँग एकआपसमा परिचित गराई असल मार्गमा लाग्न प्रेरित गरिनेछ।

१७. **भिमसेनथापा बहुप्राविधिक शिक्षालय** मार्फत कृषि र पशुविज्ञान विषयमा ३ वर्षे स्नातक कार्यक्रम सञ्चालन गरी स्थानीय युवाहरुलाई रोजगारी मुलक शिक्षा प्रदान गरिनेछ । यसका लागि आवस्यक ल्याव, लाइब्रेरी र शैक्षिक जनशक्तिको परिचालनका लागि अनुदान उपलब्ध गराइने छ । बहुप्राविधिक विद्यालयमा अध्ययन गर्ने ८ जना गरिव तथा जेहेन्दार विद्यार्थीलाई **गाउँपालिका अध्यक्ष छात्रवृत्ति** प्रदान गरिने छ ।

१८. असल अभ्यास भएका र उच्च सिकाइ उपलब्धि भएका विद्यालय र कम सिकाइ उपलब्धि भएका **विद्यालयहरुका बीच अन्तर्क्रिया** गरिनेछ । स्थलगत अनुगमन गरि सिकाइ उपलब्धि बृद्धि गर्न आवस्यक पृष्ठपोषण प्रदान गरिनेछ ।

१९. शिक्षकहरुलाई विषयमा आधारित लघु अनुसन्धान गर्न प्रेरित गरिनेछ । अनुसन्धानका आधारमा सिकाइ उपलब्धि बृद्धि कार्यक्रम कार्यान्वयन गर्न रकम उपलब्ध गराइनेछ ।

२०. कक्षा ३, ५ र ८ मा स्तरमापन परीक्षा सञ्चालन गरि **उत्कृष्ट नतिजा प्रदर्शन गर्ने विद्यालय, शिक्षक र विद्यार्थीलाइ पुरस्कृत** गरिनेछ ।

२१. विषयगत शिक्षकहरुको रोष्टर निर्माण गरि तालिम सञ्चालन तथा **शैक्षिक कार्यपात्रो र सिकाइ सामग्री निर्माण** गरिनेछ ।

२२. शिक्षकहरुलाई सिकाइमा बिताउने समय र हासिल गरेको नतिजाको आधारमा प्रोत्साहन अनुदान उपलब्ध गराईनेछ ।

२३. **स्थानिय पाठ्यक्रम निर्माण** कार्यलाई निरन्तरता दिई शिक्षकहरुलाई अभिमुखिकरण गरिनेछ । आ.व. २०७८।७९ मा कक्षा १-३ का लागि भिमसेनथापाको सेरोफेरो नामक स्थानिय पाठ्यक्रम निर्माण भइ कार्यान्वयन हुनेछ ।

२४. **राष्ट्रपति रनिङ्गशिल्ड कार्यक्रमका** माध्यमबाट विद्यार्थीहरुको आचारण सुधार गर्न, स्वस्थ जीवनशैली निर्माण गर्न र प्रतिस्पर्धि भावना विकास गर्न आवश्यक कार्यक्रम आयोजना गरिनेछ ।

२५. **विद्यालय निरिक्षण तथा अनुगमनलाई** प्रभावकारी बनाईनेछ ।

२६. शिक्षा, युवा तथा खेलकुद शाखालाई प्रविधिमैत्री बनाइनेछ । तथ्याङ्क व्यवस्थापन र सेवा प्रवाहलाई समयानुकूल बनाउन थप बजेट उपलब्ध गराइनेछ ।

२७. **साक्षर भिमसेनथापा अभियान** मार्फत वित्तिय साक्षरता कार्यक्रम लागु गरिनेछ ।

२८. विद्यालयहरुलाई आवश्यक मात्रामा सेनिटरी प्याड उपलब्ध गराइनेछ ।

२९. **विद्यालय पोषण कार्यक्रम**लाई परिक्षणका रुपमा सञ्चालन गरिनेछ ।

३०. **गापा अध्यक्ष रनिङ्शिल्ड प्रतियोगिता** कार्यक्रम सञ्चालन गरिनेछ ।

३१. पालिकाभित्रका सबै विद्यालयहरुलाई **वैकल्पिक सिकाइका लागि सहजिकरण** गर्न आवश्यक सहयोग प्रदान गरिनेछ।

३२. विद्यालयहरुलाई अन्तरपालिका प्रतिस्पर्धा गर्न प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ।

३३. विद्यालय सुधार योजना निर्माण गर्न अभिमुखीकरण तालिम सञ्चालन गरिने छ र आ.व. २०७८।७९ मा विद्यालय सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ । आवश्यकता र मापदण्डमा आधारित अनुदान प्रणाली लागु गरिनेछ।

३४. विद्यालय सरसफाई एवं फोहोरमैला व्यवस्थापन, स्वच्छ खानेपानीको व्यवस्था, प्लाष्टिक जन्य वस्तु निशेधित क्षेत्र घोषणा, अपाङ्ग तथा बालमैत्री शौचालय निर्माण तथा **एक विद्यालय एक बगैचा कार्यक्रम**लाई कार्यान्वयन गरिनेछ ।

३५. गाउँपालिका भित्रका सबै विद्यालयलाई बालमैत्री बनाई **भिमसेनथापा बालमैत्री विद्यालय गाउँपालिका** घोषणा गरिनेछ।

३६. कक्षा ६–८ का विद्यार्थीहरुलाई **टिफिन बक्स वितरण** गरिनेछ ।

३७. संघ संस्थाहरुको सहयोगमा सबै **विद्यार्थीहरुको आँखा परिक्षण** गरिनेछ ।

- **भाषा, कला र संस्कृति**

१. लोक संस्कृति र कलाको संरक्षण गर्न गाउँपालिका स्तरमा कला, साहित्य र सांस्कृतिक संरक्षण कार्यक्रम संचालन गरिनेछ।

२. लेखक तथा साहित्यकारहरुलाई खोजमुलक साहित्यिक रचना प्रकाशन गर्न प्रोत्साहन गरिनेछ।

३. पुरातात्विक सम्पदाका रुपमा रहेका मठ–मन्दिर, मदर्शा, पाटी पौवा, गुठीहरुको संरक्षण गरिनेछ। गाउँपालिका भित्रका धार्मिक स्थलहरुमा नियमित पुजा पाठ, ध्यान र आरधना गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ।

४. विस्तृत आयोजना प्रतिवेदन तयार भई सकेको **भिमसेनथापा स्मारक पार्क र सङग्रहालय निर्माण**का लागि आवश्यक वजेट विनियोजन गरिनेछ।

५. **तान्द्राङ्गकोट (सिद्धकाली मन्दिर) पदमार्ग निर्माण** कार्यलाई निरन्तरता दिइ उक्त स्थानलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकसित गरिनेछ।

६. काशीघाटमा पशुपतिनाथ मन्दिर निर्माण सम्पन्न गरी **शिवरात्रिमा विशेष मेलाको आयोजना** गरिनेछ। यस स्थानलाई आराध्यदेव पशुपतिनाथको आस्थाको केन्द्रको रुपमा विकास गरि धार्मिक पर्यटन प्रवर्धन गरिनेछ।

७. जातजाती र भाषाभाषी विशेषको धार्मिक र सांस्कृतिक अनुष्ठानका लागी अनुदान उपलब्ध गराईनेछ।

८. संस्कृत माध्यमिक विद्यालयमा **संस्कृत शिक्षा** र कनकामना आधारभूत विद्यालयमा **बराम भाषाको पठनपाठन**को सुरुवात गरिनेछ। यसका लागी वजेटको व्यवस्थापन गरिनेछ।

- **खानेपानी तथा सरसफाइ**

भिमसेनथापा गाउँपालिकाले खानेपानी तथा सरसफाई क्षेत्रको विकासको लागि तय गरेको उदघोष तथा खानेपानी तथा सरसफाई क्षेत्रमा अवलम्वन गरेको नीति यस प्रकार रहेको छ।

उद्घोषः **"एक घर एक धारा गाउँपालिकाको अभिभारा"**

१. गाउँपालिका भित्र एक घर एक धारा अभियानलाई निरन्तरता दिई आ.व. २०७८।७९ मा सबै घरहरुमा खानेपानीको सुविधा उपलब्ध गराईनेछ।

२. **चारधारे पम्पिङ खानेपानी र चिउरीफेद वालिमटार पम्पिङ खानेपानी आयोजनाको निर्माण कार्य सम्पन्न** गरिनेछ।

३. मुहान दर्ता, उपभोक्ता समिति गठन, संचालन तथा व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ। **स-साना खानेपानीका मुहान तथा कुवाहरुको संरक्षण** गरिनेछ।

४. पालिका भित्रका घ्याम्पेसाल, झिङ्गटे, अश्राङठाँटी, बोर्लाङठाँटी लगायतका मुख्य बजार तथा बस्तीहरुमा फोहोर जम्मा गर्ने डस्टबिन राखी उचित ठाउँमा फोहोर संकलन कार्यलाई निरन्तरता दिइ ब्यबस्थापन गरिनेछ।

५. पालिका भित्रको फोहोरमैला व्यवस्थापन गर्नको लागि उपयूक्त **डम्पिङ साइटको खोजी गरी विस्तृत आयोजना प्रतिवेदन तयार** गरिने छ।

६. वडास्तरमा टोलगत रुपमा गठन भएका टोल विकास संस्थाहरुलाई गैर सरकारी संघ संस्थाको सहयोगमा टोल बस्ती सरसफाइ अभियान सञ्चालन गर्न प्रेरित गरिनेछ।

७. प्रत्येक वडामा **एक उत्कृष्ट सफा घर र एक उत्कृष्ट सफा बिद्यालय छनौट गरी पुरस्कारको व्यबस्था** गरिनेछ।

८. दलित वस्ति सरसफाई र सचेतना कार्यक्रमलाई नमुनाको रुपमा सुरुवात गरिनेछ।

- **लैङगिक समानता तथा सामाजिक समावेशीकरण**

१. बाल अधिकार, महिला अधिकार तथा सामाजिक न्यायमा महिलाको पहुँच सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ।
२. महिलाहरुको नेतृत्व क्षमता विकास तथा आय आर्जन प्रवर्धन गर्न गाउँपालिका **उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम** संचालन गरिनेछ।
३. स्थानीय महिला समुह तथा आमा समुहहरुको क्षमता अभिवृद्धि र सिप विकास गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ। यसका लागी सामुदायिक सिकाई केन्द्र र गैरसरकारी संघ संस्थाहरुलाई प्रेरित गरिनेछ।
४. गाउँपालिकाबाट हुने सेवा प्रवाह र विकास निर्माणका कार्यहरुमा **सामाजिक समावेशीकरणका सिद्धान्त** अबलम्बन गरिनेछ ।
५. विद्यालयमा अध्ययनरत छात्राहरुलाई **गुणस्तरिय सेनिटरी प्याड तथा छात्रवृत्ति वितरण** कार्यलाई थप व्यवस्थित र प्रभावकारी वनाईनेछ ।
६. अति विपन्न बिधवा र एकल महिलाको पहिचान गरी आयआर्जन प्रवर्धन गर्न निशुल्क बाख्रा वितरण कार्यक्रम संचालन गरिनेछ। एकल महिलाको पहिचान तथा अध्ययनको व्यवस्था गरिनेछ ।

- **ग्रैह सरकारी संघ संस्था**

१. भिमसेनथापा गाउँपालिकाबाट प्रवाह हुने सेवालाई गैर सरकारी संस्थाको समन्वयमा थप प्रभावकारी बनाईनेछ।
२. कोभिड -१९ को रोकथाम, नियन्त्रण तथा व्यवस्थापन र विपद् व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन गैह्र सरकारी संस्थासँग सहकार्य तथा समन्बय गरिनेछ।
३. गैह्र सरकारी संस्था क्लब, नागरिक सचेतना केन्दजस्ता बिकास साझेदारी संस्था संग समन्वय गरी एकीकृत बिकास निर्माण कार्य गर्न निर्देशिका तयार गरिनेछ ।
४. गैर सरकारी संस्थाका गतिविधिहरुलाई व्यवस्थित गर्न **एकद्धार प्रणालीबाट कार्यक्रम संचालन** गर्ने नीति लिइनेछ ।
५. गाउँपालिका भित्रका गैह्र सरकारी संस्थाहरुको प्रोफाईल तयार गरिनेछ ।

- **लक्षितवर्ग**

१. सामाजिक सुरक्षा भत्ता बितरणलाई पारदर्शी एवं सुरक्षित बनाउन **बैकिङ प्रणालीबाट भुक्तानी** व्यवस्था गरिनेछ।

२. जेष्ठ नागरिकहरुलाई सम्मानजनक जीवनयापन गर्न र आफ्ना अधिकार सम्बन्धमा पैरवी गर्न वडास्तरमा जेष्ठ नागरिक मञ्च गठन गरिनेछ।
३. ८० वर्ष नाघेका वृद्धावृद्धालाई **लौरो वितरण कार्यक्रम** संचालन गरिनेछ ।
४. सम्पुर्ण जेष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण गरिनेछ ।परिचय पत्रका आधारमा सुविधा प्रदान गर्ने नीति अबलम्बन गरिनेछ ।

५. जातीय भेदभाव तथा छुवाछुत प्रथालाई पुर्ण रुपमा निरुत्साहित गरिनेछ ।

६. विद्यालयमा अध्ययनरत दलित विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ती कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी बनाईनेछ।

७. दलित समुदायमा बिद्यमान परम्परागत सीपलाई आधुनिकीकरण गर्दै लघु उद्योगको रुपमा विकास गरिनेछ । यस अन्तर्गत **आरन सुधार तथा सिलाई मेसिन वितरण** गरिनेछ।

८. दलित वस्तीमा **दलित लक्षित अभिमुखिकरण तालिम** संचालन गरिनेछ ।

९. बालश्रम, बाल यौनशोषण, बालबिवाह र बालहिंसा न्यूनीकरण गर्न जनचेतना अभिवृद्धि गरी प्रचलित कानुनको प्रभावकारी कार्यन्वयन गरिनेछ ।

१०. महिला हिंसा, मानव बेचबिखन न्यूनीकरण गर्न चेतनामूलक कार्यक्रम संञ्चालन गरिनेछ ।

११. सामुदायिक सिकाइ केन्द्र मार्फत महिला साक्षर तथा सीप आर्जन कार्यमा सक्षम बनाउन तह २ को निरन्तर शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । साथै वैकल्पिक विद्यालय मार्फत शिक्षाको मुलधारमा आउन नसकेका महिला तथा **प्रौढहरुलाई गुणस्तरीय शिक्षाको अवसर** सुनिश्चित गरिनेछ ।

१२. महिला क्षमता विकासका निम्ति नेतृत्व, सीपमूलक, क्षमतामूलक र चेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

१३. सीमान्तकृत बिपन्न तथा एकल महिला लक्षित **आय आर्जन कार्यक्रम सञ्चालन** गरिनेछ ।

१४. आदिबासी जनजाति, मुस्लिम तथा अल्पसंख्यक जातिको जीवन स्तर सुधार सम्बन्धी बिशेष कार्यक्रम कार्यन्वयनमा ल्याइनेछ ।

१५. भौतिक पुर्वाधार निर्माण कार्यलाई अपाङ्गतामैत्री बनाइनेछ ।

१६. अपाङ्गता भएका व्यक्तिहरुको पहिचानका आधारमा **परिचय पत्र वितरण** गरिनेछ।

१७. अपाङ्गता भएका व्यक्तिले व्यवसाय गर्न चाहेमा **रु १ लाखसम्म विनाधितो सुहिलियत दरमा ऋण** उपलब्ध गराइनेछ।

१८. आमा वावु गुमाएका **नवालक वच्चाहरुलाई मासिक रु १०००।–** भत्ताको व्यवस्था गरिनेछ ।

१९. अपाङ्ग र जेष्ठ नागरिकहरुलाई गाउँपालिकाको सवै प्रकारको सेवा शुल्क छुट गरिनेछ ।

## ग. पूर्वाधार क्षेत्रः

- **सडक, भवन तथा भौतिक निर्माण**

१. भिमसेनथापा **चक्रपथलाई ३ खण्डमा विभाजित गरि प्रत्येक खण्डको निर्माण कार्य थालनी** गरिनेछ ।

२. **वडा कार्यालय** जोड्ने सडकको पक्की नाली तथा वाल निर्माण, ग्राभेल तथा ढलान गरि स्तरिय बनाईनेछ ।

३. प्रत्येक वडाका मुख्य सडकलाई स्तरोन्नती गरी **बाह्रै महिना सवारी साधन संचालनयोग्य** बनाईनेछ ।

४. गाउँपालिका भित्रका **मुख्य तथा शाखा सडकहरुको स्तरोन्नती**को लागी वजेटको व्यवस्था गरिनेछ।

५. गाउँपालिकाको **प्रशासकीय भवनको निर्माण** कार्य थालनी गरिने छ।

६. गाउँपालिकाको **शाखा कार्यालय भवन र बहुउदेश्यीय सभाहलको निर्माण** कार्य गरिनेछ ।

७. वडा नं. १ र ६ को **वडा कार्यालय भवन निर्माण** गरिनेछ ।

८. गाउँपालिकाको **सभाहलको निर्माण** सम्पन्न गरिनेछ ।

९. हरेक मरनघाटमा **मलामी गृह** तथा आवश्यकताका आधारमा **क्रियापुत्री वस्ने स्थलको निर्माण** गरिनेछ ।

१०. सामुदायिक संस्थाहरुको भवन निर्माणको लागी वजेटको व्यवस्थापन गरिनेछ।

- **विद्युत तथा उर्जा विकास**

१. गाउँपालिका भित्रका सवै वस्तीहरुमा **काठेपोल विस्थापन** गरि स्टिल पोल राखिनेछ।
२. विद्युत लाईनलाई व्यवस्थित गरि विद्युतलाई नियमित गराउनका लागि **विद्युत हेरालुको व्यवस्था**लाई निरन्तरता दिइनेछ।
३. दाउराको प्रयोग घटाई वायोग्यासको प्रयोग वढाउन **वायोग्यास प्लान्ट** निर्माणमा अनुदानको व्यवस्था गरिनेछ।
४. गाउँपालिका भित्रका सरकारी कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा बैकल्पिक उर्जा सोलारको व्यवस्थापन गर्दै लगिनेछ।
५. गाउँपालिका भित्रका टोल तथा वस्तीहरुमा **गाउँघर उज्यालो कार्यक्रम** संचालनलाई थप विस्तार गर्ने र व्यवस्थित गर्ने कार्य गरिनेछ।

- **गाउँ यातायात सेवा**

१. गाउँपालिका भित्र व्यवस्थित **वसपार्क निर्माण गर्न सम्भाव्य स्थानको खोजी** गरी कार्य प्रारम्भ गरिनेछ।
२. युवा केन्द्रित **सवारी चालक तालिम** संचालन गरिनेछ।
३. स्थानीय यातायात व्यवसायीहरुको साझेदारीमा परिचय पत्र प्राप्त **जेष्ठ नागरिकहरुलाई सवारी साधनको भाडा निशुल्क** गर्न पहल गरिनेछ।
४. नेपाल प्रहरी र युवा क्लवहरुको समन्वयमा विद्यालयका विद्यार्थीहरुलाई **सवारी सुरक्षा तथा ट्राफिक नियम सम्बन्धी अभिमुखीकरण कार्यक्रम** संचालन गरिनेछ।
५. गाउँपालिका भित्रका मुख्य **सडकहरुमा सडक हेरालुको व्यवस्था** गरिनेछ।
६. **एक वडा एक हेलिप्याड** निर्माण अभियानलाई निरन्तरता दिइनेछ।

**घ. वातावरण तथा विपद् व्यवस्थापनः**

- **वन तथा वातावरण**

१. **सामुदायिक वन उपभोक्ता समितिको लगत संकलन** गरी सूचिकृत गरिनेछ।
२. **वृक्षारोपण तथा वन संरक्षण** नीति अवलम्वन गरी हरितगृह प्रभाव न्यूनीकरण गरिनेछ। यसबाट प्राकृतिक प्रकोप न्यूनिकरण र रोकथाम हुनगई स्वच्छ र सफा भिमसेनथापा निर्माणमा सहयोग पुग्नेछ।
३. वन उपभोक्ता समितिसंग सहकार्य गरी वनपैदावरको आपूर्तिमा सहजता ल्याइनेछ।
४. गाउँपालिका भित्र अनियन्त्रित रुपमा उत्खनन हुनसक्ने गिटी, वालुवा तथा ढुङ्गा खानीलाई व्यवस्थित रुपमा करको दायरामा ल्याइनेछ।
५. पालिकाभित्रका वनजङ्गलमा पाइने **जडिवुटीहरुको पहिचान** गर्न विज्ञहरुको टोली वनाई परिचालन गरिनेछ।

६. नदीखोला कटान क्षेत्रको पहिचान गरी तटवन्ध निर्माण कार्य प्रारम्भ गरिनेछ।
७. दाउराको खपत कम गरि वन तथा वातावरण संरक्षण गर्न **सुधारिएको चुल्हो, वायोग्याँस, ईन्डक्सन चुलोको प्रयोगलाई प्रोत्साहित** गरिनेछ।
८. सामुदायिक वन उपभोक्ता समुह दर्ता र नविकरण गरिनेछ।
९. वन डडेलो नियन्त्रण सम्बन्धी तालिम कार्यक्रम संचालन गरिनेछ।
१०. सामुदायिक वन उपभोक्ता समुह आवद्ध महिला, दलित जनजाती, पिछडिएका वर्ग तथा कोभिड -१५ प्रभावितको पुर्नउत्थान गरिनेछ।

- विपद व्यवस्थापन

१. **विपद प्रतिकार्य योजना निर्माण** गरी वडागत रुपमा चेतनामूलक तालिम कार्यक्रम सञ्चालन गरिनेछ।
२. गाउँपालिका स्तरीय **विपद व्यवस्थापन कोषमा बजेट व्यवस्था** गर्ने कार्यलाई निरन्तरता दिई विपदमा उद्धार तथा राहत कार्यक्रम सञ्चालन गरिनेछ।
३. गाउँपालिका भित्र हुनसक्ने सम्भावित विपद्को पहिचान गरी सो को **पूर्व तयारीको लागी आवश्यक सामग्रीको व्यवस्थापन** गरिनेछ।
४. विपद्को समयमा **राहत तथा उद्धार कार्यका लागी स्थानीय युवा क्लव, रेडक्रस, स्काउट लगायतका संघसंस्थाहरुको परिचालन** गरिनेछ।
५. विपद्का सम्बन्धमा पालिकावासीलाई सुचित गराउन तथा विपदजन्य जोखिम न्युनिकरण गर्न **स्थानीय संचार माध्यबाट सूचना सम्प्रेषण** गरिनेछ।
६. प्राकृतिक प्रकोपका कारण **पूर्ण रुपमा क्षति भएका घरहरुलाई टहरो निर्माणको लागी रु ५०,०००।–** राहतको व्यवस्था गरिनेछ। साथै खेतिवालीमा क्षति भएमा प्रति रोपनी रु २५००।– रुपैया राहत उपलब्ध गराइनेछ।

**ङ. संस्थागत विकास, सेवा प्रवाह र सुशासनः**

- शान्ति सुरक्षा

१. सवै नागरिकले शान्ति सुरक्षाको प्रत्याभूति गर्न सक्ने ढंगले सुरक्षा प्रबन्ध गरिनेछ।
२. गाउँपालिका, वडा तथा वजार र मुख्य वस्ती लक्षित सुरक्षा निकायको व्यवस्था गर्न जिल्ला प्रहरी कार्यालयसंग समन्वय गरी अघि वढाइनेछ।
३. गाउँघरमा घट्न सक्ने अप्रिय घटना विभिन्न अपराध सम्बन्धमा नागरिकलाई सचेत गराउन तथा शान्ति सुरक्षाको प्रत्याभूति गर्न टोल विकास संस्था तथा युवा क्लवहरुलाई परिचालन गरिनेछ।
४. अपराध न्यूनीकरणका लागि भिडियो प्रदर्शन तथा चेतनामूलक सडकनाटक प्रदर्शन गरिनेछ।

- सुशासन

१. दैनिक प्रशासनिक कार्य तथा सेवा प्रवाहमा छिटो छरितोपन ल्याउन **कर्मचारीलाई प्रोत्साहनको व्यवस्था** गरिनेछ।

२. गाउँपालिकाबाट संचालित योजनालाई सहज र सरल ढङ्गले सम्पन्न गर्न सफ्टवेयर प्रणाली मार्फत कार्य सम्पादन गरिनेछ।
३. गाउँपालिकाकाको सेवा प्रवाहलाई पारदर्शी बनाउन वडा तथा पालिकामा **नागरिक वडापत्रको व्यवस्था** गरिनेछ।
४. गाउँपालिकाले जारी गरेका ऐन, कानुन, निर्देशिका, मापदण्ड तथा कार्यविधिहरुलाई **स्थानीय राजपत्रमा प्रकाशित** गरिनेछ।
५. **गाउँसभा तथा गाउँ कार्यपालिकाका निर्णयहरुलाई पालिकाको वेवसाइट मार्फत सार्वजनिक** गरिनेछ।
६. गाउँपालिकाका **गतिविधी तथा प्रगती विवरणलाई त्रैमासिक रुपमा सार्वजनिक** गरिनेछ।

- **पारदर्शिता तथा जवाफदेहिता**

१. सेवा प्रवाहलाई सुचना प्रविधिमैत्री बनाइनेछ ।
२. सञ्चालित योजना तथा कार्यक्रमहरुको **सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ कार्यक्रम** सञ्चालन गरिनेछ।
३. गाउँपालिकाको **डिजिटल प्रोफायल तयार** गरिनेछ ।
४. गाउँपालिका भित्रका सवै सरकारी निकायहरुमा क्रमशः **विद्युतीय हाजिरीको व्यवस्था** गरिनेछ ।
५. **गुनासो सुन्ने अधिकारी र सुचना अधिकारी** मार्फत गुनासो समाधान गर्ने एवं हरेक सुचनामा सरोकारवालाहरुको पँहुच पु¥याइनेछ ।
६. कार्यालयको सेवा प्रवाहलाई सूचना प्रविधि मार्फत व्यवस्थित गरिनेछ।
७. गाउँपालिकाको सेवा प्रवाह सम्बन्धमा नागरिकहरुको गुनासो सुन्न **कार्यालय परिसरमा सुझाव पेटिका** राखिनेछ। प्रत्येक महिनाको अन्त्यमा उक्त पेटिकामा प्राप्त सुझावहरुलाई उच्च प्राथमिकता प्रदान गरि कार्यसम्पादनलाई प्रभावकारी बनाईनेछ।
८. विषयगत शाखाहरुलाई प्राप्त हुने कार्यक्रमहरुको अख्तियारी प्रदान गरी जिम्मेवार वनाइनेछ ।
९. गाउँपालिकाले हालसम्म सम्पादन गरेका कार्यहरुको सङ्गालो प्रकाशन गरिनेछ ।

- **सूचना तथा सञ्चार**

१. सवै विद्यालय, स्वास्थ्य चौकी तथा वडाहरुमा इन्टरनेट सेवा व्यवस्थित गरिनेछ।
२. पालिकाका कर्मचारी, जनप्रतिनिधी तथा विद्यालयका प्रधानाध्यापकहरुलाई सूचना प्रविधीको प्रयोग र व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिनेछ ।
३. गाउँपालिकाको **सेवालाई प्रविधीमैत्री वनाउन आवश्यक प्रविधि तथा सफ्टवेयरहरु लागु** गरिनेछ।
४. सूचना प्रविधी शाखालाई थप व्यवस्थित र प्रभावकारी वनाइनेछ ।
५. पत्रकार महासंघ र संचार माध्यमसँगको सहकार्यमा जोड दिई पालिकाको सवै गतिविधि प्रशारण तथा प्रकाशनको व्यवस्था मिलाईनेछ । रेडियो कार्यक्रम संचालन गरी गाउँपालिकाको गतिविधी थप पारदर्शी वनाइनेछ ।

**२.३ मुख्य मुख्य आयोजना र क्रियाकलापहरुः**

**गाउँसभाका सदस्यज्यूहरु,**

गाउँपालिका स्तरका गौरवका आयोजनाहरुको प्रगती उत्साहजनक छ। चालु आ.व.मा संचालनमा रहेका उक्त आयोजनाहरु मध्ये विर्षेपानी पम्पिङ खानेपानी आयोजना र वंगुवाखेत पम्पिङ खानेपानी आयोजनाको निर्माण सम्पन्न भईसकेको छ। वाँकी आयोजनाहरुको कार्यान्वयनका लागी यस आ.व. मा उच्च प्राथमिकताका साथ वजेटको व्यवस्था मिलाईनेछ।

१. करिव २४ किलोमिटर लम्वाइको भिमसेनथापा चक्रपथ निर्माण योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार भई प्रथम खण्ड अन्तर्घत करिव ३२०० मिटर सडकको ग्राभेल गर्ने कार्य भईरहेको छ। यसै सडकखण्डको पाटेपानी क्षेत्रमा करिव १०० मिटर ढलान भईसकेको छ भने बाँकी सडकलाई **तीन खण्डमा विभाजित गरी प्रत्येक खण्डका लागी आवश्यक वजेटको व्यवस्था** सहित कार्य सम्पन्न गरिनेछ ।
२. भिमसेनथापा स्मृती पार्क एवं सग्रहालय निर्माणका लागी गुरुयोजना एवं विस्तृत आयोजना प्रतिवेदन तयार भईसकेको छ। चालु आ.व. मा **प्रयाप्त जग्गा व्यवस्थापन** गरी गण्डकी प्रदेश सरकारको साझेदारीमा निर्माण कार्य अगाडि वढाईने छ ।
३. मसेल क्षेत्रको ठुलो जनसंख्यालाई स्वच्छ पिउनेपानी व्यवस्था हुनसक्ने चारधारे पम्पिङ्ग खानेपानी आयोजनाको २ वटा ट्याङ्की निर्माण तथा पाईपलाईनको कार्य सम्पन्न भईसकेको छ। आयोजनाको बाँकी काम **यसै आ.व. मा सम्पन हुने गरी वजेट व्यवस्थापन** गरिनेछ।
४. भिमसेनथापा गाउँपालिका वडा नं. ४ धावामा रहेको इत्लापोखरी संरक्षण गर्ने पहिलो चरणको कार्य सम्पन्न भईसकेको छ। उक्त पोखरीको संरक्षणको कार्य सम्पन्न गरि **पर्यटकीय गन्तब्यको रुपमा विकास** गरिनेछ ।
५. हिन्दुहरुका आराध्यदेव पशुपतीनाथको महिमा कायम राख्न र भक्तजनलाई पालिका भित्र नै उक्त मन्दिर स्थापना गर्न कासीघाट पशुपति क्षेत्र संरक्षण एवं व्यवस्थापन योजनालाई उच्च प्राथमिकताका साथ अघि बढाइएको छ। यसबाट धार्मिक पर्यटन प्रबर्धन भई रोजगारी सिर्जना हुने आशा लिएको छु ।
६. सिद्धकाली मन्दिर परिसर क्षेत्रलाई पर्यटकिय गन्तव्यका रुपमा बिकास गरिनेछ। **कयाभञ्याङ देखी सिद्धकाली मन्दिर सम्मको मार्गलाई धार्मिक तथा पर्यटकिय मार्ग**का रुपमा स्थापित गर्न आवश्यक थप कार्यहरु गरिनेछ।
७. पुरातत्व विभागको सहकार्यमा चण्डीमाई मन्दिर अश्राङ्ग संरक्षण एवं प्रवद्र्धन योजना संचालनमा रहेको छ। **चालु आ.व. मा उक्त योजना सम्पन्न गर्ने** लक्ष्य लिईएको छ ।
८. भिमसेनथापा गाउँपालिका वडा नं. ६ मा रहेको सल्लाघारी क्षेत्रलाई पर्यटकीय गन्तब्यका रुपमा विकास गर्न गरु योजना निर्माण गरि कार्य प्रारम्भ भइसकेको छ। सो क्षेत्रमा रेलिङ सहितको सिढीबाटो र पिकनिक स्पट को निर्माण र विकास भइरहेको छ। उक्त क्षेत्रलाई थप व्यवस्थित गर्न आवश्यक कार्य गरिनेछ ।

माथि उल्लेखित आयोजनाका अलवा तपशिल वमोजिमका गाउँपालिका स्तरीय गौरवका योजनाहरुको विस्तृत आयोजना प्रतिवेदन तयार गरी कार्यान्वयनमा लैजान आवश्यक वजेटको व्यवस्था गरिने छ।

१. मुडुलो थुम्को (दुल्लभ पार्क योजना)
२. दुल्लभ मार्ग निर्माण योजना
३. भिमसेनथापा पदमार्ग निर्माण योजना
४. ठुलोपोखरी मसेल संरक्षण योजना
५. कमल पोखरी संरक्षण योजना
६. पाताल खोला मसेल सपुङ्गे बर्खे नहर निर्माण आयोजना

## २.४ उपसंभार

**आदरणीय गाउँसभा सदस्यज्यूहरु,**

यस वार्षिक नीति र कार्यक्रम उपर यस गरिमामय सभामा विशेष महत्वका साथ बुँदागत छलफल गर्न म सभासदहरुलाई अनुरोध गर्दछु । छलफलका क्रममा प्राप्त हुने रचनात्मक र विश्लेषणात्मक सुझावहरुलाई हार्दिकतापूर्वक समावेश गरिनेछ । यहाँहरुको सक्रिय उपस्थितिमा आवश्यक छलफल, अन्तरक्रिया र वहसपछि यहाँ प्रस्तुत नीति र कार्यक्रम पारित हुनेमा म विश्वस्त छु। हाम्रो स्वार्थ भनेकै हाम्रै जन्मभूमि भिमसेनथापा गाउँपालिकाको भाग्य र भविष्यको रेखा कोर्ने हो। अतः उल्लेखित निति तथा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्न सम्पूर्ण राजनैतिक दलहरु, वुद्धिजीवि, नागरिक समाज एवं सम्पूर्ण राष्टसेवक कर्मचारीहरु लगायत सरोकारवाला सवैको साथ र सहयोगको अपेक्षा गरेको छु । साथै यो नीति तथा कार्यक्रम तर्जुमामा सहयोग गर्नुहुने राजनैतिक दलहरु, विषयगत समितिहरु, गाउँसभा सदस्यहरु राष्ट्रसेवक कर्मचारीहरु, नीति तथा कार्यक्रम तयारी कार्यदलका सदस्यहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिहरु लगायत भिमसेनथापा गाउँपालिकावासी सम्पूर्ण जनसमुदायप्रति हार्दिक धन्यवाद सहित आभार प्रकट गर्दछु ।

धन्यवाद !